रामेछाप नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
प्रदेश नं.३, नेपाल

फोन नं.:०४८-४००११७ (प्रमुख)
०४८-४००११८ (उप-प्रमुख)
०४८-४००११६(प्र.प्र. अधिकृत)
०४८-४०००१२ (प्रशासन)

प स २०७६।०७७ शिक्षा

२०७६ मार्ग १०

च न ६०६८.

विषय : प्रस्तावना पेश गर्ने वारे ।

श्री सवै सामुदायिक विद्यालयहरु
रामेछाप नगरपालिका अन्तर्गत

प्रस्तुत विषयमा यस रामेछाप नगरपालिका अन्तर्गत कक्षा १-५ , कक्षा १-८ , कक्षा १-१० र कक्षा १-१२ सञ्चालनमा रहेका सवै सामुदायिक विद्यालयहरुका लागि विद्यालय क्षेत्र विकास कार्यक्रम र नगरपालिकावाट विद्यालय शिक्षा विकासका लागि चालु आ व २०७६।७७ मा विनियोजित कार्यक्रम तथा वजेट अनुदान कार्यान्वयनका लागि इच्छुक सामुदायिक विद्यालयहरुले तपसील वमोजिमको कार्यक्रममा आधारित रहेर प्रस्तावना मिति २०७६ मङ्सीर मसान्त भित्र पेश गर्न हुन सवै सामुदायिक विद्यालयहरुलाई सूचना गरिएको व्यहोरा अनुरोध छ ।

दिपेन्द्र पौडेल
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

तपसील

१ न्यून वेतन विद्यालय कर्मचारी र वाल कक्षा शिक्षक/सहजकर्ताका लागि अतिरिक्त जिम्मेवारीको प्रतिवद्धता पत्र सहित नियमित कार्य गर्नका लागि एकमुष्ठ प्रोत्साहन अनुदान ( माध्यमिक विद्यालयका लागि ३ जना र आधारभूत विद्यालयको लागि २ जनाको लागि ) प्रति जनशक्ति प्रति महिना रु ५०० का दरले एकमुष्ठ वार्षिक रु ६००० ।

२ सुन्य वा न्यून माध्यमिक तह शिक्षक दरवन्दी कम भएका (क) माध्यमिक विद्यालयहरुले न्यूनतम १ जना स्वंयसेवी शिक्षकका लागि तोकिएको ढांचामा प्रति शिक्षक प्रति महिना रु ३५५००का दरले ७.५ महिनाका लागि निर्वाह एवम प्रोत्साहन अनुदान रु २६६२५०।

३ माध्यमिक विद्यालय पुस्तकालय व्यवस्थापन र फिक्सिङ्गका लागि एकमुष्ठ अनुदान रु ६५०००० ।

४ माध्यमिक विद्यालय आईसिटि प्रयोगशाला व्यवस्थापन र सञ्चालनका लागि एकमुष्ठ अनुदान रु६५००००।

५ माध्यमिक विद्यालय प्रयोगशाला निर्माण र व्ववस्थापनका लागि एकमुष्ठ रु ६५००००० ।

६ एमजिएमएल अर्थात वहुकक्षा वहुस्तर सिकाई सामग्री व्यवस्थाका लागि प्रति विद्यालय रु ५०००० ।

७ विषयगत प्रयोगशाला सामग्रीको लागि शुद्ध आधारभूत कक्षा १-८ सञ्चालन भएका विद्यालयका लागि र ५००००।

रामेछाप नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
रामेछाप बजार, रामेछाप
प्रदेश नं.३, नेपाल

फोन नं.:०४८-४००११७ (प्रमुख)
०४८-४००११८ (उप-प्रमुख)
०४८-४००११६(प्र.प्र. अधिकृत)
०४८-४०००१२ (प्रशासन)

८ पानी तथा स्वास्थ्य र सरसफाई सहित शौचालय निर्माणका लागि प्रति विद्यालय रु ७००००।

९ उत्कृष्ट सिकाई उपलब्धी भएका विद्यालयका लागि सिकाई सुदृढीकरणका लागि (आपसी समन्वय र सहकार्यमा न्यून सिकाई उपलब्धी भएका विद्यालयलाई शिक्षण सहायताका लागि) प्रति विद्यालय रु २००००।

१० कार्यसम्पादन सूचकमा आधारित उत्कृष्ट विद्यालय अनुदान प्रति विद्यालय रु ५००००।

**प्रस्तावनापत्र सहित संलग्न राख्नु पर्ने कागजातहरु**

क माध्यमिक विद्यालय पुस्तकालय, आइसिटि र विज्ञान प्रयोगशालाको लागि

१ विव्यसको निर्णय प्रतिलिपि र प्रतिवद्धता पत्र

२ कार्यक्रम वमोजिमको अलग अलग प्रस्तावना

३ कार्यक्रमको लागि अलग्गै कोठा भएको एकीन रं उपलब्ध गर्ने प्रतिवद्धता पत्र

४ कार्यक्रमसंग सम्वन्धित स्पेशीफिकेशन अर्थात खरिद गर्ने पुस्तक एवम सामग्रीहरुको सूचि ( विद्यार्थी र शिक्षकहरुको माग र सुझावका आधारित )

पुनश्च यी कार्यक्रमहरुका लागि गतविगतमा उक्त नपरेका विद्यालयहरु मात्र योग्य हुनेछन ।

ख. पानी तथा स्वास्थ्य र सरसफाई सहितको शौचालयको लागि

१ विद्यालय व्यवस्थापन समितिको निर्णय प्रति

२ सम्वन्धित वडाको सिफारिश पत्र

ग. वहुकक्षा वहुस्तर कार्यक्रमका लागि

१ आवश्यक शिक्षण सिकाई सामग्रीको सूची

२ शिक्षण सिकाई सहायता कार्ययोजना

३ विव्यस निर्णय प्रतिलिपि

घ. विषयगत सामग्री खरिद एवम् व्यवस्थापनको लागि

१ विव्यसको निर्णय प्रतिलिपि

२ अंग्रेजी वा गणित वा विज्ञान विषयका लागि आवश्यक सिकाई सहयोग सामग्रीको सूची ( विद्यार्थी र शिक्षकहरुको माग र सुझावका आधारित )

ङ. कार्यसम्पादन सूचकमा आधारित उत्कृष्ट माध्यमिक विद्यालय प्रोत्साहन अनुदान र उत्कृष्ट सिकाई उपलब्धी हासिल गर्ने माध्यमिक विद्यालयका लागि सिकाई उपलब्धी सुदृढीकरण अनुदाका लागि

१ तोकिएको मापदण्ड एवम सूचक / सिकाई उपलब्धी अभिवृद्धि एवम् सुधार योजना सहि त निवेदन

पुनश्च : प्र अ र शिक्षकका लागि उपलब्ध कार्यसम्पादन करार सम्झौता पत्र पेश गरेका विद्यालयहरु योग्य हुनेछन । इच्छुक माध्यमिक विद्यालयले २०७७ वैशाख मसान्त भित्र वुंदा १ न वमोजिमको मापदण्ड एवम् सूचक सहितको निवेदन पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

रामेछाप नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
प्रदेश नं.३, नेपाल

फोन नं.:०४८-४००११७ (प्रमुख)
०४८-४००११८ (उप-प्रमुख)
०४८-४००११६(प्र.प्र. अधिकृत)
०४८-४०००१२ (प्रशासन)

## प्रस्तावना पत्र को नमूना

१ विद्यालयको विवरण

नाम र ठेगाना , अनुमति / स्वीकृति मिति , सञ्चालन कक्षा , शिक्षक संख्या र विद्यार्थी संख्या आदी उल्लेख गर्ने । :

२ कार्यक्रम विवरण ( वुंदागत)

- कार्यक्रमको नाम: श्री .....
- कार्यक्रमको पृष्ठभमि , आवश्यकता र औचित्य:
  .....
- कार्यक्रमको उद्देश्य :
  .....
- कार्य सम्पन्न कार्ययोजना

| क्रस | क्रियाकलाप | कार्यान्वयन प्रकिया | समयावधि | जिम्मेवारी | उपलब्धी |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |

३ प्रस्तावित एवम अनुमानित वजेट

- मागा गरिएको रकम रु
- विद्यालयको योगदान रु

| क्रस | शिर्षक / विवरण | परिमाण | इकाइ लागत | जम्मा |
|---|---|---|---|---|
| १ | | | | |
| | | | | |

४ विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि

५ वडा कार्यालयको सिफारिश पत्र

विद्यालयको छाप

प्र अ को नाम र सहि....., .....
मिति २०७६। ।